चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल
महाबौद्ध, काठमाण्डौं

फोन नं.: ०१-५९७०७५०

**Oral pathology कार्यक्रम संचालन गर्न करार सेवामा शिक्षक लिने सम्बन्धी सुचना**

**(सुचना नं. ०६/०८२/०८३ प्रकाशित मिति २०८३/०१/०४)**

**(विज्ञापन नं. ०१/ २०८२/०८३)**

चि.वि.रा.प्र.सभाको मिति २०८१/०६/२० गते बसेको ३१ औं "सभा" बैठकको निर्णय एवम् चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, (उपकुलपतिस्तर) को मिति २०८२/०५/१९, २०८२/०५/३१ र २०८२/१२/१७ को निर्णयानुसार वीर अस्पतालको डेन्टल विभागमा आ.व. २०८२/०८३ देखि Oral pathology कार्यक्रम संचालन गर्न तपसिलमा उल्लेखित पदमा लोकसेवा आयोगबाट स्थायी पदपूर्ति भई आएमा वा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताललाई उक्त पदको शिक्षक आवश्यक नभएमा स्वतः हट्ने गरी वीर अस्पतालको आन्तरिक श्रोतबाट आर्थिक दायित्व बेहोर्ने गरी करार सेवामा शिक्षक पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन, मिति २०८३/०१/२४ गते भित्र रितपूर्वकको दरखास्त फाराममा उल्लेखित विवरण भरी पेश गर्नुहुन पदपूर्ति समितिको मिति २०८२/१२/३० गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

१.करारमा पदपूर्ती सम्बन्धी विवरण

| विज्ञापन | सेवा | समूह | पदको नाम | विषय | माग संख्या | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| ०१/०८२-०८३ | प्राध्यापन | | Asst. Prof. (Teacher) | Oral pathology | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय (MD Oral Pathology) मा स्नातकोत्तर तह उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको मान्य अवधि रहेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी भएको । |

२०८२/१/१४

संयोजक
पदपूर्ति समिति
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ।

Scanned with CamScanner

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल
महाबौद्ध, काठमाण्डौं

फोन नं.: ०१-५९७०७५०

२) आवश्यक न्युनतम योग्यता

क) मान्यता प्राप्त संस्थाबाट सम्बन्धित पदको लागि सम्बन्धित विषयमा स्नातकोत्तर उत्तिर्ण गरेको हुनु पर्ने ।

ख) व्यक्तिगत विवरण बायोडाटा

ग) शैक्षिक योग्यताका प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

घ) तालिम तथा कार्य अनुभवको प्रमाण पेश गर्नु पर्ने ।

ङ) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको मान्य अवधि भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

च) नेपाली नागरिक हुनु पर्ने ।

छ) उमेर २१ वर्ष पुरा भै ४५ वर्ष ननाघेको ।

ज) कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

झ) Master of Dental Surgery (Oral pathology) विषयमा सात वर्ष भन्दा बढि सेवा गरेको ।

ञ) Asst. Prof. पदमा अन्यत्र कामकाज गरिरहेको उम्मेदवारलाई विशेष प्राथमिकता ।

ट) अन्य प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

ठ) स्वास्थ्य विज्ञान सम्बन्धी कुनै विषयमा मुख्य लेखक भै १ वटा कृति राष्ट्रिय वा अन्तराष्ट्रिय मेडिकल जरनलमा प्रकाशित भएको ।

३) छनौट बिधि- चि.वि.रा.प्र., वीर अस्पतालको Website, https; // www.nams.edu.np/en मार्फत पछि प्रकाशन गरिने ।

२०८०।३।१४

संयोजक
पदपूर्ति समिति
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

Scanned with CamScanner

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
महाराजगंज, काठमाण्डौं
फोन नं.: ०१-४१७०७५०

४) दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरु:- दरखास्त फाराममा पासपोर्ट साइजको फोटो टाँसी दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यक्तिगत विवरणहरु भरी आफुले प्राप्त गरेका न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीहरु, नेपाली नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी, सम्बन्धित काउन्सिलको दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी (नविकरण समेत) का प्रमाण पत्रहरुको प्रतिलिपीहरुमा उम्मेदवारले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी पेश गर्नुपर्नेछ। उम्मेदवारहरुले कार्य अनुभवको लागि काम गरेको सम्बन्धित संस्थाबाट दरखास्त फाराममा प्रमाणित गराई पेश गर्नु पर्नेछ साथै तालिमको प्रमाण-पत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ।

५) परीक्षा दस्तुर रु. २०००/- (दुई हजार मात्र) चि. वि. रा.प्र . को नाममा राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखामा रहेको प्रतिष्ठानको खाता नं. National Academy Of Medical Science, A/C No. 1360100002334001 मा राजश्व बुझाई भौचरको सक्कलै प्रति दरखास्त साथ पेश गर्नुपर्नेछ।

६) दरखास्त बुझाउने अन्तिम मिति, समय र स्थान:- दरखास्त फाराम बुझाउने अन्तिम मिति २०८३/०१/२४ गते कार्यालय समय सम्म हुनेछ। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, सर्जिकल भवनको छैटौं तला, सोधपुछ कक्षमा दरखास्त फाराम बुझाउनु पर्नेछ।

७) दरखास्त फाराम:- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको website https; // www.nams.edu.np/en बाट दरखास्त फाराम डाउनलोड गरी दरखास्त फाराम प्राप्त गर्न सकिनेछ ।

८) तोकिए बमोजिमका आवश्यक कागज नभएको तथा न्युनतम शैक्षिक योग्यता नपुगेका उम्मेदवारको दरखास्त फाराम जुनसुकै बेला पनि बदर गर्न सकिनेछ।

९) तलव स्केल:- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको नियम अनुसार एवम् Medical तर्फ ( MD / MS / MDS / DM / MCH ) अन्तर्गतको भई सोही बमोजिम सहायक प्राध्यापकले पाए सरह सेवा, सुविधा पाउने छ ।

पूनश्च:- दरखास्त फाराम तथा परीक्षा सम्बन्धी कुनै कुरा बुझ्नु परेमा चि.वि.रा.प्र. सर्जिकल भवनको छैटौ तला, सोधपुक्ष कक्षमा सम्पर्क राख्न सकिनेछ ।

२०८३/१/१४

संयोजक
पदपूर्ति समिति
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

Scanned with CamScanner